# थुलुङ दुधकोशी राजपत्र

थुलुङ दुधकोशी गाउँपालिका, सोलुखुम्बुद्वारा प्रकाशित

**खण्डः ८, संख्याः ६, थुलुङ दुधकोशी गाउँपालिका, मितिः२०८१/११/१९**


## भाग २

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली, सोलुखुम्बु

**थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयको उत्पादन ईकाईको कार्यविधि, २०८१**

*कार्यपालिकाबाट स्वीकृत मितिः२०८१/११/१९*

पृष्ठभूमीः

यो कार्यविधि थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा स्थापना गरिने उत्पादन इकाई (Production Unit) को सञ्चालन, व्यवस्थापन र मूल्यांकनको लागि मार्गदर्शन प्रदान गर्ने उद्देश्यले तयार गरिएको हो। यो इकाईले Diploma in Civil Engineering अन्तर्गत अध्ययनरत विद्यार्थीहरूलाई व्यवहारिक सीप विकास गराउने, वास्तविक परियोजना अनुभव प्रदान गर्ने र शिक्षालयलाई आर्थिक रूपमा सहयोग पुर्याउने लक्ष्य राख्दछ।

### परिच्छेद १

### प्रारम्भिक

**१. संक्षिप्त नार र प्रारम्भः**

(क) यस कार्यविधिको नाम थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयको उत्पादन ईकाईको कार्यविधि, २०८२ रहेको छ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय या प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयको उत्पादन ईकाईको कार्यविधि, २०८२ बुझ्नुपर्छ।

(ख) "गाउँपालिका" भन्नाले थुलुङ दुधकोशी गाउँपालिकालाई जनाउँदछ।

(ग) "शिक्षालय" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षाललाई जनाउँछ।

(घ) "व्यवस्थापन समिति" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षाललको व्यवस्थापन समितिलाई जनाउँछ।

(ङ) "प्रशिक्षक" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयद्वारा चयन गरिएको प्राविधिकलाई जनाउँछ।

(द्द) "विद्यार्थी" भन्नाले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा अध्ययनरत छात्र-छात्रालाई जनाउँदछ।

(ज) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

३. **उद्देश्यहरूः** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विद्यार्थीहरूलाई व्यवहारिक तालिम र कार्य अनुभव प्रदान गर्नु।

(ख) निर्माण कार्यमा प्रयोग हुने सामग्री र प्रविधिको ज्ञान विस्तार गर्नु।

(ग) शिक्षालयको शैक्षिक तथा प्राविधिक क्रियाकलापमा आर्थिक सहयोग पुर्याउनु।

(घ) विद्यार्थीहरूलाई निर्माण व्यवसायको व्यावसायिक अभ्यासमा परिचित गराउनु।

## परिच्छेद — २

## कार्य क्षेत्र तथा संचालन

४. **कार्यक्षेत्रः** यो कार्यविधि Diploma in Civil Engineering अन्तर्गत सञ्चालन हुने उत्पादन कार्यहरूमा लागू हुनेछः

(क) निर्माण सामग्री परीक्षण प्रयोगशाला सेवा |

(ख) अन्य निर्माणसम्बन्धी उत्पादनहरू (आवश्यकताअनुसार शिक्षालयले निर्धारण गर्ने)|

५. **सञ्चालन प्रक्रियाः** (१) यस अन्तरगत शिक्षालयले कार्ययोजना सहितको कार्यविभाजन कार्य गरिनेछः

(क) प्रत्येक शैक्षिक सत्रको सुरुवातमा उत्पादन इकाईको वार्षिक योजना निर्माण गरिनेछ।

(ख) योजना निर्माण संचालन तथा व्यवस्थापन समिति, प्रशिक्षकमण्डल र विद्यार्थी प्रतिनिधिहरूको सहभागितामा तय गरिनेछ।

(२) (क) कार्यहरू जिम्मेवारीअनुसार प्राविधिक प्रशिक्षक, प्राविधिक सहायक प्रशिक्षक र विद्यार्थीहरूमा विभाजन गरिनेछ।

(ख) कार्य तालिका  तयार गरी सम्बन्धित पक्षलाई जानकारी गराइनेछ।

(३) सामाग्री आपूर्ती तर्फ आवश्यक सामग्रीको सूची तयार गरी बजेटअनुसार खरिद प्रक्रिया सम्पन्न गरिनेछ।

(ख) सामग्रीको गुणस्तर सुनिश्चित गर्न आवश्यक परीक्षण गरिनेछ।

## परिच्छेद — ३

## उत्पादन तथा विक्री वितरण

६. **उत्पादन प्रक्रियाः** शिक्षालयले उत्पादनको प्रक्रिया देहाय अनुसार गरिनेछः

(क) उत्पादन कार्य प्राविधिक प्रशिक्षकको प्रत्यक्ष निगरानीमा सञ्चालन गरिनेछ।

(ख) उत्पादन कार्यमा सहभागी विद्यार्थीहरूलाई पूर्वतयारी तथा सुरक्षा तालिम दिइनेछ।

(ग) आवश्यक उपकरण र मेशिनको सुरक्षित प्रयोग सुनिश्चित गरिनेछ।

७. **गुणस्तर नियन्त्रणः** प्रत्येक उत्पादन वस्तुको गुणस्तर नेपाल सरकार तथा स्थानीय सरकारद्वारा निर्धारण गरिएका मापदण्डअनुसार परीक्षण गरिनेछ। शिक्षालयद्वारा परीक्षण रिपोर्ट तयार गरी अभिलेख राखिनेछ।

८. **वितरण र बिक्रीः** उत्पादन भएका वस्तुहरू शिक्षालय, स्थानीय बजार वा सम्बन्धित सरकारी तथा निजी निकायहरूलाई बिक्री गरिनेछ। बिक्रीबाट प्राप्त आम्दानी शिक्षालयको लेखा प्रणालीअनुसार आधिकारिक रूपमा अभिलेख गरिनेछ।

९. **प्रदर्शन मूल्यांकनः** प्रत्येक सत्रको अन्त्यमा उत्पादन इकाईको कार्य प्रदर्शन मूल्यांकन गरिनेछ। मूल्यांकनमा विद्यार्थी, प्रशिक्षक र व्यवस्थापनको प्रतिकृया संकलन गरिनेछ।

१०. **सुरक्षा उपायहरूः** सम्पूर्ण उत्पादन प्रक्रियामा सुरक्षा उपकरण अनिवार्य प्रयोग गरिनेछ (जस्तैः हेल्मेट, ग्लोभ्स, मास्क आदि) कार्य सुरु गर्नु अघि सहभागीहरूलाई सुरक्षा निर्देशिका र तालिम दिइनेछ।

११. **दस्तावेजीकरणः** उत्पादन, खर्च, बिक्री र आम्दानीसम्बन्धी सम्पूर्ण अभिलेख अद्यावधिक राखिनेछ। प्रत्येक उत्पादन तथा बिक्रीको विस्तृत प्रतिवेदन तयार गरी शिक्षालय संचालन तथा व्यवस्थापन समितिमा पेश गरिनेछ।

## परिच्छेद-४

## विविध

१२. **विविधः** यो कार्यविधिले थुलुङ दुधकोशी बहु-प्राविधिक शिक्षालयमा स्थापना गरिने उत्पादन इकाईलाई व्यवस्थित, पारदर्शी र व्यावसायिक बनाउँदै विद्यार्थीहरूलाई व्यवहारिक शिक्षामा सशक्त बनाउने अपेक्षा राख्दछ।

१३. **कार्यविधिमा परिमार्जन तथा संशोधनः** क) यो कार्यविधि कार्यान्वयन गर्दा कुनै समस्या देखिएमा प्रचलित कानूनको अधिनमा रही आवश्यकता अनुसार परिमार्जन र संशोधन गर्न सकिनेछ।

ख) यो कार्यविधि अन्य प्रचलित कानूनसँग बाझिन गएमा बाझिएको हदसम्म प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
प्रसन्नदीप राई
प्रमुख प्रशासकीय अधिकृत